## १ कोरिन्थी १४:३३ पदमा पूर्णविरामले के फरक पार्छ?

**धेरै फरक पार्छ!** मूल ग्रीक पाण्डुलिपिमा कुनै विराम चिन्ह थिएन –कुनै अल्पविराम, प्रश्न चिन्ह, उद्धरण, वा पूर्णविराम चिन्हहरू। यो भाषिक विवरण सानो देखिनसक्छ, तर यसले अनुवाद र खण्डको अर्थमा ठूलो फरक पार्न सक्छ। उदाहरणको लागि, १ कोरिन्थी १४:३३मा

पूर्णविरामले चर्चलाई पावलको निर्देशनको अर्थ परिवर्तन गर्न सक्छ:

मुख्य शब्द

**कुनै विराम चिन्ह नभएको**

अनुवादकले रोज्नुपर्ने

३३ किनकि परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ।

सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार, ३४ स्त्रीहरू चर्चको सभामा चूपचाप रहून्।

**अथवा**

३३ किनकि परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ –सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार।

३४ स्त्रीहरू चर्चको सभामा चूपचाप रहून्।

**के पावल सबै "स्त्रीहरु चूपचाप" रहेको वा "सबै मण्डलीहरूमा शान्ति" भएको चाहन्छन् ?**

मौलिक पाण्डुलिपिमा कुनै पुर्णविराम(।) चिन्ह नभएकोले, अनुवादकहरूले चिन्ह कहाँ लाग्छ भनेर चयन गर्नुपर्छ। विभिन्न बाइबल अनुवादहरूले पूर्णविरामलाई विभिन्न ठाउँहरूमा राखेका छन्। यस पदमा, –"सन्तहरूका सबै चर्चमा भएको प्रथाअनुसार" वाक्यांशले कि चाहिँ अघिल्लो खण्डसँग कि चाहिँ निम्न खण्डसँग जोड्दछ। "हुनुहुन्छ" पछिको पूर्णविरामले सबै चर्चहरूमा स्त्रीहरू चूपचाप बस्नुपर्छ भन्ने अर्थ लाग्छ। तर "प्रथाअनुसार"पछि लागेको पूर्णविरामले परमेश्वर गोलमालको होइन तर शान्तिको परमेश्वर हुनुहुन्छ भन्ने अर्थ दिन्छ। पूर्णविरामले ठूलो फरक पार्छ! तर कुन चाहिँ सही हो भनेर हामीले कसरी थाहा पाउन सक्छौं।

**हामीले कसरी थाहा पाउन सक्छौं?**

- १ कोरिन्थी १४ मा, पावलले तीनवटा समूहहरूलाई चूप रहन भनिरहेका थिए: अन्य भाषा बोल्नेहरू, अगमवक्ताहरू र महिलाहरू र उहाँले महिला, अगमवक्ता र अन्य भाषा बोल्नेहरू: तीन समूहहरूलाई बोल्ने अनुमति दिदैँ थिए। (के १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM) छ? कसलाइ चूप रहन भनिएको छ? एक पृष्ठ हेर्नुहोस्) यो कडा व्यतिक्रम*(CHIASM)मा, पावलले कोरिन्थीहरूलाई उनको चार मुख्य कुराहरू सम्झाएका छन् –चर्च बलियो हुनुपर्छ (१४:२६), शन्तिपूर्ण हुनुपर्छ (१४:३३), नजान्ने हुनुहुदैन (१४:३७–३८), व्यवस्थित हुनुपर्छ (१४:४०)। "...सबै चर्चमा भएको प्रथाअनुसार .."भन्ने वाक्यांस स्पष्ट रूपमा प्रत्येक चर्चको विशेषताहरू वर्णन गर्ने उद्देश्यले विश्वव्यापी सल्लाहहरूसँग सम्बन्धित छ। सबै चर्चहरू परमेश्वरको शान्ति र व्यवस्थाद्वारा छाप लगाइएको हुनुपर्छ। (व्यतिक्रम *दोस्रो वाक्य प्रथमको उल्टो क्रम)
- बाइबलीय व्याकरणको तर्क बाहेक, १ कोरिन्थी ११ मा पावलले स्त्रीहरूलाई तिनीहरूले प्रार्थना र भविष्यवाणी गर्दा कसरी आचरण गर्ने भन्ने बारे निर्देशन दिए। पावलले पक्कै पनि केही अध्यायहरूमा पहिले लेखेका कुराहरू बिर्सेका थिएनन्। पावल पागल थिएनन्, स्त्रीहरूलाई सार्वजनिक आराधना सेवामा बोल्नको लागि उचित शिष्टाचार बारे बताएपछि, लगत्तै स्त्रीहरूलाई चर्चमा चूप लाग्न आदेश दिए।
- तपाईंको हृदयमा, के तपाईं विश्वास गर्नुहुन्छ कि परमेश्वरले *सबै* स्त्रीहरुलाई *सबै* समय, हरेक राष्ट्र र *हरेक* पुस्ताका *हरेक* चर्चमा मौन बसेको चाहनुहुन्छ ? यदि त्यसो हो भने, स्त्रीहरूले कहिल्यै एकल गाउनु हुँदैन, गवाही दिनु हुँदैन, ठूलो स्वरमा प्रार्थना गर्नु हुँदैन, बच्चाहरूलाई सिकाउनु हुँदैन, सुचना दिनु वा निश्चितरूप कहिल्यै प्रचार गर्नु हुँदैन!

## पावलले चार पटक "सुव्यवस्थित आराधना"लाई जोड दिएका छन्।

**निष्कर्ष:**
पावलले व्यवस्थित आराधनालाई यस खण्डभरी जोड दिएका छन्।
जब १ कोरिन्थी १४ अध्यायमा व्यतिक्रम* (CHIASM)को रूपमा देखिन्छ, व्यवस्थित र शान्तिपूर्ण आराधना संचालन गर्न चार वटा अनुस्मारकहरू द्वारा विभाजित हुन्छ, पावलको कुरा स्पष्ट छ। पूर्णविराम "प्रथाअनुसार"पछि प्रयोग हुन्छ, "हुनुहुन्छ" पछि होइन। सबै चर्चहरूले परमेश्वरको शान्ति र व्यवस्थापनलाई प्रदर्शन गर्नुपर्छ।

**4 Crucial Questions**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?